# आ. व. २०७१/०७२ मा जिल्ला विकास समितिको सामाजिक जिम्मेवारी, त्यसलाई पालन गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्न गरिएको

## सामाजिक परीक्षण प्रतिवेदन–२०७२

सामाजिक परीक्षक :
अंसल शासन समन्वय समिति
मितिः २०७२/०७/३०

# सामाजिक परीक्षणको उद्देश्य

"सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्यलाई बुझिन्छ । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को परिधिभित्र रही सामाजिक परीक्षण सम्पन्न गरिएको

कुनै पनि निकायको नीति, संगठनात्मक संरचना, मानव श्रोत जस्ता पक्षहरूमा लैङ्गिक मैत्री छ छैन, सामाजिक क्षेत्रमा स्थानीय निकायले बहन गर्नु पर्ने सामाजिक दायित्व बहन गरिएको छ छैन, सो क्षेत्रमा कुनै समस्या देखिएका छन् छैनन्, समाधानका उपायहरू के कस्ता रहन सक्छन् जस्ता विषयमा समस्या पहिचान गरी सुधारका लागि मार्ग प्रशस्त गर्ने प्रयोजनको लागि जिल्ला विकास समितिले सामाजिक परीक्षण गराउन लागेको हुँदा उक्त कार्य गरी यो प्रतिवेदन तयारी गरिएको छ । जिल्ला विकास समितिबाट सम्पादित कार्यहरूबाट सामाजिक क्षेत्रमा स्थानीय निकायले बहन गर्नु पर्ने दायित्व पुरा गर्नमा के कति योगदान पुऱ्याएको छ भन्ने सम्बन्धमा अध्ययन गर्ने र नीतिगत प्रतिबद्धता पालना भयो भएन ? साधन स्रोतको व्यवस्थापन भयो भएन ? भन्ने कुराको लेखाजोखा गर्ने प्रमुख उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- स्थानीय निकायले ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारीका बारेमा बुझ्ने
- सञ्चालित कार्यक्रमले ल्याएको सामाजिक उपलब्धी तथा प्रभाव बुझ्ने
- स्थानीय निकायकोको आन्तरिक व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीका बारेमा समीक्षा गर्ने
- प्रस्तावित योजनाहरूको कार्यान्वयनको अवस्था बुझ्ने
- सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमताका बारेमा बुझ्ने
- जवाफदेहिता तथा परदर्शितामार्फत स्थानीय निकायले गरेका प्रयासका बारेमा अध्ययन गरी आगामी योजना निर्माणम सहयोग गर्ने

# अध्ययन विधि

जिल्ला विकास समितिबाट सम्पादित कार्यहरूको सामाजिक परीक्षण गर्नको लागि हामीलाई दिएको जिम्मेवारी अनुसार जिल्ला विकास समितिसँग भएको सम्भौता बमोजिम देहायका क्रियाकलाप मार्फत सामाजिक परीणको कार्य सम्पन्न गरिएको हो । सर्व प्रथम स्थानीय निकायसँग सम्बन्धित देहायका सन्दर्भ सामाग्रीहरूको अध्ययन विश्लेषण गरियो ।

## क) सम्बन्धित साहित्यको समीक्षा अध्ययन

- स्थानीय स्वायत्त शासन ऐन २०५५,
- स्थानीय स्वायत्त शासन नियमावली २०५६,
- स्थानीय निकायको आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४,
- गाविस अनुदान सञ्चालन कार्यविधि २०६७,
- लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ लगायत स्थानीय निकायसँग सम्बन्धित ऐन नियमको अध्ययन,
- दोलखा जिल्लाको आवधिक जिल्ला विकास योजना
- सम्बन्धित आर्थिक वर्षका वार्षिक जिल्ला विकास योजनाहरू विषयगत कायर्यालयका वार्षिक प्रतिवेदनहरू समीक्षा प्रतिवेदनहरू
- जिल्ला विकास सिमितिबाट प्रकाशित दोलखा विकास बुलेटिनहरू लगायत सन्दर्भ सामाग्रीको अध्ययन
- दोलखा जिल्लाको वस्तुगत विवरण २०७२
- स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकायको आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४, गाविस अनुदान सञ्चालन कार्यविधि २०६७, लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ लगायत स्थानीय निकायसँग सम्बन्धित ऐन नियमको अध्ययन गर्नुका साथै अध्ययन अवधिमा सञ्चालित कायंक्रकमहरूको बारेमा समेत जानकारी लिइएको थियो ।

## ख) तथ्यांक संकलन

यस सामाजिक परिक्षणको लागि आवश्यक सूचनाहरू उल्लेखित सामाग्री र फिल्ड, विषयगत कार्यालय, गैरसरकारी संघ संस्थाहरूबाट संकलन गरियो । जिल्ला विकास तथा मातहत निकायबाट आर्थिक वर्ष २०७१ /०७२ मा सामाजिक क्षेत्रमा भए गरेका कार्यहरूको अध्ययन गरियो ।

## ग) अर्न्तवार्ता

प्रतिवेदन तयार गर्नका लागि जिल्ला विकास समितिको कार्यालयसँग सम्बन्धित जनशक्ति, विषयगत कार्यालयका प्रमुख, उपभोक्ता समितिका प्रतिनिधिरूसँग सामान्य छलफल तथा अर्न्तवार्ता लिइएको थियो ।

## घ) समूह छलफल

जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी, आन्तरिक लेखा परीक्षण अधिकृत, सूचना अधिकृत, सामाजिक विकास अधिकृत, योजना शाखाका अधिकृत, निमित्त लेखा अधिकृत, सम्बन्धित शाखाका प्रमुखसहतिका कर्मचारी लगायतबाट स्पष्ट हुन नसकेका विषयमा थप जानकारी लिइयो ।

## च) स्थलगत निरीक्षण

जिल्ला विकास समिति तथा विषयगत कार्यालयले बोच तथा लाँकुरीडाँडामा सञ्चालित कार्यक्रम, मुडे मेलुङ सडक, शितलीडाँडाखर्क ग्रामीण सडकको स्थलगत अनुगमन गरिएको ।

## छ) संकलित तथ्यांकहको विश्लेषण

## ज) प्रारम्भिक प्रतिवेदन तयारी

## झ) बृहत छलफल कार्यक्रम

सरोकारवाला निकायसँग २०७२ सा कार्तिक ३० गते अर्न्तक्रिया कार्यक्रमको आयोजना गरी आवश्यक सुझाव संकलन गरिएको ।

## ञ ) जनशक्ति परिचालन

संस्थाले पाएको जिम्मेवारी अनुसार सामाजिक परीक्षणका लागि आवश्यक तथ्यांक संकलन, स्थलगत अनुगमन तथा सम्बन्धित निकायसँगको अन्तरक्रियाका लागि तपशिलको जनशक्ति उपयोग भएको ।

- दिपक बस्नेत
- रमेशचन्द्र बस्नेत
- दिल बहादुर केसी
- नविन खतिवडा
- फुर्बा तामाङ

## ट) अन्तिम प्रतिवेदन तयारी

जिल्ला विकास समितिको कार्यालयमा २०७२ कार्तिक ३० गते भएको सरोकारवालाको अन्तरक्रिया तथा र अध्ययन पछि अन्तिम प्रतिवेदन तयारी गरिएको छ ।

अनुसूचि २
(बुँदा १०.३ सँग सम्बन्धित)
दोलखा जिल्ला विकास समिति
सामाजिक परीक्षकको प्रतिवेदन
(बृहत छलफल)

## १. स्थानीय निकायको परिचय

बिकेन्द्रीकरणको माध्यामबाट जनतालाई स्वायत्त शासन र विकास कार्यमा आधिकारिक सरिक गराई स्थानीय तहदेखि नै बहुदलीय प्रजातन्त्रको संस्थागत विकास गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भएको हो । तत्कालीन श्री ५को सरकारले स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कायम भएको प्रत्येक जिल्लालाई जिल्ला विकास क्षेत्र तोक्न सक्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ को नियम १७० मा गरेको छ सोही अनुरूप स्थानीय निकायको रूपमा जिल्ला विकास समिति रहेको छ । यसले जिल्लाको विकासको लागि स्थानीय सरकारको रूपमा भूमिका निर्वाह गर्न सक्ने जिम्मेवारी दिइएको छ । जसले सरकारी कार्यालय, गैरसरकारी निकाय एवम् निजी क्षेत्रसमेतसँग समन्वय र सहकार्यमा जिल्लाको विकास प्रकृयालाई अगाडि बढाउने र संस्थागत र दिगो बनाउने गर्दछ । दोलखा जिल्लालाई राजनीतिक आधारमा दुई निर्वाचन क्षेत्र, ११ इलाका, दुई नगरपालिका (भीमेश्वर र जिरी) र ४८ गाविसमा विभाजन गरिएको छ । गाविस , नगरपालिका र जिल्ला विकास समिति गरी तीन तहका स्थानीय निकायको व्यवस्था गरिएको छ । त्यसमध्ये जिल्लाको समग्र विकासको जिम्मेवारीको बोध गर्दै जिविसबाट दोलखाको विकासमा समग्र प्रयासहरू भएका छन् । बुँदागत रूपमा जिल्ला विकास समिति दोलखालाई निम्नानुसार चिनाउन सकिन्छ ।

- पूर्वाधारका आधारमा ग वर्गको जिल्ला विकास समिति
- ४८ गाविस, दुई नगरपालिका र ११ इलाका सहितको २१९१ वर्ग किमि क्षेत्रफल
- ७१३४ मिटर उचाई (गौरीशंकर हिमाल), ७६२ मि होचो (सितली)
- २८०८८४ जनसंख्या जसमध्ये १४०६९८ महिला र १४०१८६ पुरूष (घरधुरी सर्वेक्षण २०७१)
- जम्मा घरधुरी संख्या ५७,९६६ (घरधुरी सर्वेक्षण २०७१)

## २. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरू

स्थानीय निकायमा विगत १३ वर्षदेखि जननिर्वाचित प्रतिनिधिहरूको अभाव रहेको छ । जनप्रतिनिधि बिनाको स्थानीय निकायले विकास निर्माणमा दिगोपन तथा प्रभावकारिता र आवधिक योजनाको कार्यान्वयनलाई सार्थक बनाउन सक्दैन जनप्रतिनिधि सहितको स्थानीय निकायले २०५६/५७ मा छ वर्षिय आवधिक जिल्ला विकास योजना तर्जुमा

गरेको थियो । जसको अवधि आर्थिक वर्ष २०६३/६४ मा समाप्त भएको थियो । सोही आवधिक योजनामा नै जिल्लाको दुर दृष्टि, प्राथामिकता तथा लक्ष्यहरू किटान गरिएको थियो सोलाई नै यहाँ प्रस्तुत गरिएको छ ।

**जिल्लाको दुर दृष्टि :**

जलशक्ति, पर्यटन, वन र कृषिबाली, शिक्षा स्वासथ्य यातायातले समुन्नत दोलखाली

**लक्ष्य :**

दोलखा जिल्लाबासीको जीवन स्तरमा सुधार ल्याउने

**जिल्ला विकासको उद्देश्य :**

जिल्लाको प्राकृतिक तथा मानवीय स्रोत साधनको समुचित परिचालन गरी विषेशत विपन्न वर्गको आर्थिक तथा सामाजिक स्तरमा बृद्धि भइ दिगो विकासमा सघाउ पुऱ्याउने ।

**विषयगत विकासका प्राथामिकताहरू**

- आर्थिक विकास
- सामाजिक विकास
- वातावरणीय विकास
- भौतिक पुर्वाधार विकास
- संस्थागत विकास
- पर्यटन विकास
- जलविद्युत विकास

३. आर्थिक वर्ष २०७०/०७१ को मुख्य मुख्य उपलब्धीहरू (बुँदागत रूपमा लेख्ने)

- तोकिएको समयमा सञ्चालित आयोजनाको सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको
- जिविस दोलखा न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा ८३ अंक ल्याई ७५ जिल्लामा द्वितीय र ४६ गाविस उत्तीर्ण
- ठूला आयोजनाहरूको मूल्यांकन
- रू. ८,८९,६५,४३८ जिविस अनुदानमा रू. ८,०७,७३,४४५ कार्यसम्पन्न प्रतिवेदन अनुसारको रकम खर्च भएको
- सामाजिक सुरक्षा भत्ता वितरण अभिलेखको प्रकाशन

४. आर्थिक वर्ष २०७१/०७२ मुख्य मुख्य उपलब्धीहरू (सूचकको रूपमा प्रस्तुत गर्ने)

- ७२३ वटा योजना प्रस्ताव गरिएकोमा ६४० वटा सम्पन्न

- लक्षित वर्गको कार्यक्रम तथा निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन लक्षित समितिका उपाध्यक्षहरूको नियुक्ति
- बिनाशकारी भुकम्पमा सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयात्मक भूमिका राम्रो भएको
- दोलखा जिल्लाको वस्तुगत विवरण २०७२ प्रकाशन
- रू. ४२,७५,५९,३५०.४० बजेट कोलेनिकाबाट निकाशा भएकोमा रू. ३७,९३,६६,९८४.४५ खर्च भएको । रू. ४८१९२३६५.४५ फिर्ता भई कोषमा रू. २१९०३६६.०० रहेको थियो ।
- वार्षिक कार्य योजना निर्धारित समयमा निर्माण भएको
- पूर्वाधार विकास अन्तरगत ग्रामीण सडकमा भएको लगानीले बजारमा पहुँच विस्तार

५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

- योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा योजना तर्जुमामा पुरै योजनाको इष्टमेट तयार गरी कुल लागत कति लाग्ने हो सो उललेख गरी वार्षिक योजनामा त्यसलाई समावेश गराउनु पर्ने ।
- आयोजना सञ्चालन तथा कार्यान्वयनको लागि स्थायी प्रकृतिका उपभोक्ता समिति बनाउने र त्यसको नविकरण गर्ने व्यवस्था गर्नु पर्ने आयोजनाको गुणस्तर अभिबृद्धिको लागि जिल्ला स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिलाई कियाशिल गराउनु पर्ने
- लक्षित वर्गको लागि विनियोजित रकमबाट उनीहरूको आयआर्जनको अवसर अभिबृद्धि गर्नको लागि लगानी बिस्तार गर्नु पर्ने जिल्ला सडक गुरूयोजना अनुसार सडकमा लगानी गरी बजेट छर्ने प्रथामा न्यूनिकरण गर्नुपर्ने
- स्थानीय स्रोत परिचालन सम्बन्धमा स्थानीय स्रोत परिचालनको लागि स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार राजश्व परामर्श समिति सकिय बनाउने तथा राजश्व सम्भाव्यता अध्ययन प्रभावकारी तरिकाले गराउने सम्भाव्यताका सम्बन्धमा सरोकारवाला निकायसँग बसी छलफल गर्ने समय अनुसार करका दरहरू परिमार्जन गर्ने
- स्थानीय तहमा जलबिद्युत निर्माणको सन्दर्भमा प्रयोग गरिएका स्थानीय स्रोत साधन प्रयोग गरेवापतको रकम उठाउन जिविसले प्रयत्न गर्नुपर्ने
- आन्तरिक आयको बृद्धि गरी सामाजिक क्षेत्रमा लगानी बढाउनु पर्ने
- संस्थागत तथा क्षमता विकास सम्बन्धमा जिविसको ठूलो धनराशी भौतिक पुर्वाधार निर्माणमा मात्र खर्च भएको देखिन्छ क्षमता विकास तथा मानव संसाधनको क्षेत्रमा

ज्यादै न्यून खर्च देखिन्छ । सो क्षेत्रमा लगानी बृद्धि गर्नु पर्ने देखिन्छ । योजना छनौट गर्दा इलाकास्तरीय बैठकबाट मात्र नगरी छनौट विधि तथा आधारको तर्जुमा गरी आयोजना छनौट गर्नु पर्ने देखिन्छ ।

- सामाजिक परिचालनलाई प्रभावकारी बनाई वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रको संस्थागत विकास गर्ने र आर्थिक वर्षको अन्तसम्म सेवा प्रदायक संस्था छनोट भएको देखिएन ।
- उपभोक्ता समिति गठन प्रक्रियादेखि उनीहरूको काम, कर्तव्य र अधिकारका बारेमा अभिमुखिकरण गर्नुपर्ने ।
- जननिर्वाचित पदाधिकारीहरूको बिहीनता, गाविस तहमा पर्याप्त कर्मचारी नहुनु जस्ता कारणले स्थानीय निकाय जिविसबाट सामाजिक क्षेत्रमा जे जति कार्य हुनु पर्ने थियो । सो हुन नसके तापनि स्थानीय निकायले सामाजिक क्षेत्रमा गने कार्यलाई प्राथामिकताका साथ अगाडि बढाएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गतवर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | | | ४५,६५८ |
| ५ वर्ष मुनीका बालबाल बालिकाको प्रतिशत | | | १६६२९ |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनीका बालबालिकाको आधारमा) | | | ४१५५ |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | ३५.६८ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | ७९.११ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | ० | ० |
| सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | ४५,६५८ |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक | | | |

| | | | |
|---|---|---|---|
| विद्यालय नपुग्ने बालबालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | ▪ भर्ना अभियनन<br>▪ बाल विकास केन्द्रको निरन्तरता | २३०६३ (९८ प्रतिशत) |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या ( प्रतिशत) | | | २ प्रतिशत |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | | ▪ भर्ना अभियनन<br>बाल विकास केन्द्रको निरन्तरता | ९६ |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण हुने दर | | | |
| प्राथमिक तहम तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | १४ | ▪ विद्याय बाहिर भएका विद्यार्थीका लागि स्टेशनरी तथा मासिक भत्ताको व्यवस्था<br>▪ विद्यार्थी स्वागत कार्यक्रम | १५ |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ३२३२ | ▪ सबैलाई छात्रवृत्ति | १८८३ (तथ्यांक शुद्धिकरण) |
| **खानेपानी तथा सरससफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ८१.०५ ( १६३४६० | ▪ सम्बन्धित उपभोक्ता तथा उपभोक्ता समितिमा छलफल | १८०६९५ (८३.३८ प्रतिशत) |
| शौचालय भएको संख्या वा प्रतिशत | २१६५६ ( ४९.६६) | खुल्ला दिशामुक्त जिल्ला घोषणाको अभियान | ४३१७३ (९९) |
| खानीपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| शौचालय भएको परिवार | | | |

| | | | |
|---|---|---|---|
| संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | | | |
| सामाजिक विकृति, विसंगती | | | |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकलमहिला, अपांग, पीछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | | | १५०४६ |
| **जनचेतना तथा गरिबी निवारण** | | | |
| बालश्रमको अवस्था | | | |
| बाल क्लबहरूको अवस्था | | | |
| महिल हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिबी निवारणका प्रयासहरू | | | ▪ सामाजिक परिचालन कार्यक्रम<br>▪ लघु उद्यम विकास कार्यक्रम<br>▪ स्थानीय युवा साझेदारी कार्यक्रम<br>▪ कृषि कार्यक्रम |
| सामाजिक परिचालन | | | ▪ २०५४/०५५ देखि ोँ मार्फत सामाजिक परिचालनको थालनी<br>▪ सामाजिक परिचालनको प्रभावका कारण बोल्न सक्ने तथा उपभोक्ताको माग गर्ने क्षमतामा वृद्धि<br>▪ २०६४/०६५ देखि ोन्त्रृम्ए कार्यान्वयन<br>▪ ४८ गाविस र २ नगरपालिकामा साप कार्यक्रम लागू |
| वातावरण सुधारका प्रयासहरू | | | ▪ बालुवा, ढुंगा जस्ता जमिनबाट लिइने वस्तु निकाल्नु अघि वातावरणीय प्रभाव मूल्यांकनको थालनी |
| ज्क्ष्ख़ र ङक्ष्म्व | | | |
| विकासमा समान सहभागिता | | | ▪ ३३ प्रतिशत सहभागिता |

<table>
<tr><td></td><td></td><td></td><td>सुनिश्चित<br>■ दुर्गम क्षेत्र तथा लक्षित वर्गको कार्यक्रमको प्रभावकारी कार्यान्वयन</td></tr>
<tr><td colspan="4">सेवाहरूमा पहुँच</td></tr>
<tr><td>स्थानीय बजार पुग्न लाग्ने समय</td><td>स्थानीय नागरिकलाई औषत समय १ घण्टा</td><td>■ चरिकोट<br>■ दोलखा<br>■ जिरी<br>■ सिंगटी<br>■ किर्नेटार<br>■ गुमुखोला बजार<br>■ मैनापोखरी<br>■ मालुखोला<br>■ नयाँपुल/तामाकोशी<br>■ बाघखोर<br>■ ...... आदि</td><td>ग्रामीण सडकको प्रयोगले यातायात मार्फत औषत समय ३० मिनेट</td></tr>
<tr><td>कृषि सेवा केन्द्र जान लाग्ने समय</td><td>दुई घण्टा</td><td></td><td>दुई घण्टा</td></tr>
<tr><td>भौगोलिक क्षेत्र, महिला, पीछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू</td><td></td><td></td><td>■ उपभोक्ता समितिमा ३३ प्रतिशत महिला र मूख्य पदमा एक जना महिलाको व्यवस्था संस्थागत<br>■ सरकारले तोकेको सुविधा तथा आरक्षण व्यवस्था</td></tr>
<tr><td colspan="4">संस्थागत क्षमता</td></tr>
<tr><td>जनशक्ति</td><td></td><td></td><td>
<table>
<tr><th>पद</th><th>संख्या</th></tr>
<tr><td>स.वि.अ.</td><td>१</td></tr>
<tr><td>योअप्रअ</td><td>१</td></tr>
<tr><td>ले अ</td><td>१</td></tr>
<tr><td>लेखापाल</td><td>३</td></tr>
<tr><td>का. अ</td><td>३</td></tr>
<tr><td>आलेपअ</td><td>१</td></tr>
<tr><td>इन्जिनियर</td><td>१</td></tr>
<tr><td>जिशावि</td><td>१</td></tr>
<tr><td>नासु</td><td>४</td></tr>
<tr><td>क्ष्रृट इन्जिनियर</td><td>१</td></tr>
<tr><td>खरिदार</td><td>३</td></tr>
<tr><td>सलेपा</td><td>१</td></tr>
<tr><td>सा प</td><td>६</td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>ब तथा शाख परिचालक</td><td>१</td></tr>
<tr><td>प्र तथा लेखा सहायक</td><td>१</td></tr>
<tr><td>सवारी चालक</td><td>२</td></tr>
<tr><td>कार्यालय सहयोगी</td><td>७</td></tr>
<tr><td>दुक्षविस इन्जिनियर</td><td>१</td></tr>
<tr><td>लेखापाल</td><td>१</td></tr>
<tr><td>कास</td><td>१</td></tr>
<tr><td colspan="2">गाविस सचिव</td></tr>
<tr><td>नासु</td><td>८</td></tr>
<tr><td>खरिदार</td><td>१६</td></tr>
<tr><td>खाली</td><td>२४</td></tr>
<tr><td colspan="2">स्वीकृत दरबन्दी</td></tr>
<tr><td>नासु</td><td>१६</td></tr>
<tr><td>खरिदार</td><td>३२</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>नीति तथा कार्यक्रम</td>
<td></td>
<td></td>
<td>२० औं जिल्ला परिषदले ११ वटा नीति तथा कार्यक्रम प्रस्ताव गरेको । जसमा :
<ul>
<li>कृषि तथा पशुपालन सम्बन्धी नीति</li>
<li>वन, वातावरण तथा भूसंरक्षण सम्बन्धी नीति</li>
<li>शिक्ष तथा खुलकुद नीति</li>
<li>स्वास्थ्य, खानेपानी तथा सरसफाइ नीति</li>
<li>महिला तथा बालबालिका नीति</li>
<li>आदिवासी/जनजाति, दलित, अपांगता जेष्ठ नागरिक नीति</li>
<li>सामाजिक विकास नीति</li>
<li>विद्युत उर्जा नीति</li>
<li>पर्यटन विकास नीति</li>
<li>सुशासन नीति</li>
</ul>
</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | ▪ भौतिक पूर्वाधार नीति |
| भौतिक व्यवस्था | | | ▪ भुकम्प अधि दुई वटा पक्की भवन र एउटा ढुंगा माटोको भवनबाट सेवा प्रवाह गरिएकोमा भुकम्पले पूरानो घर भत्किएको साथै स्थानीय विकास अधिकारीको कार्यकक्ष रहेको भवनमा पनि क्षति पुगेकाले अहिले मूल गेटको बाँया भागमा रहेको भवनमा स्थानीय विकास अधिकारीको कार्यकक्षको व्यवस्था गरिएको र सुरक्षित कोठाहरूमा काम चलाउ ढंगमा व्यवस्था गरिएको छ । पुनर्निर्माण अन्तरगत अस्थायी कार्यालय स्थापनाका लागि गरिएको प्रयास भुकम्प गएको ६ महिना बितिसक्दा पनि निर्माण कार्य पूरा हुन नसकेको<br>▪ सुविधा सम्पन्न सभाहल सहितको भवन निर्माणधिन |
| समन्वय र सहकार्यको प्रयासहरू | | | ▪ जिल्ला भूसंरक्षण कार्यालय<br>▪ जिल्ल कृषि कार्यालय<br>▪ स्थानीय गैसस |
| अन्य समाजिक सम्पादनका क्षेत्रहरू | | | |

## ६. गत वर्षमा भोगेका समस्याहरू

- जनशक्तिको कमीका कारण शाखा अनुसारको काम, कर्तव्य र कार्यसम्पादन समय तालिका अनुसार सम्पादन गर्न नसकिएको (आन्तरिक लेखा परीक्षण शाखाले साउनदेखि कार्तिक भित्र गाविसको आन्तरिक लेखा परीक्षण सम्पन्न गर्नुपर्छ तर सह लेखापाल सहित आलेप अधिकृत गरी दुई जना कर्मचारीले ४८ गाविसको आलेप गर्नु परेको त्यसमा पनि सम्बन्धित गाविसमा आलेप गर्नुपर्नेमा एक सचिव दुई तीन गाविसको जिम्मेवारी दिइएकाले आलेप शाखामा नै आलेप भइरहेको) । पञ्जिकरण तथा सामाजिक शाखामा व्यक्तिगत घटना अभिलेखीकरणको द्यष्लमष्लन र सामाजिक सुरक्षा भत्ता वितरण अभिलेखीकरण छपाई हुन नसकेको ।
- विनाशकारी भुकम्पबाट भएको क्षतिपछि शाखा तथा कार्य कक्षहरू अस्तव्यस्त देखिन्छ । विशेष गरी सामाजिक शाखा, लेखा शाखा, पञ्जिकरण शाखामा समस्या
- कर्मचारीका लागि कार्य विवरण अद्यावधिक गर्ने र फाँट परिवर्तन दुई दुई वर्षममा गर्ने निर्णय भएकोमा २०६८/०६९ पछि कार्य विवरण अद्यावधिक तथा फाँट परिवर्तन नहुँदा कर्मचारीहरूमा कामप्रतिको जिम्मेवारी घटेको । परिणाम अन्तिम चौमासिकमा सामाजिक सुरक्षा भत्ता वापतको विवरण अद्यावधिक नहुँदा १८ वटा गाविसको सासु भत्ता रकम २८ प्रतिशत कम निकाशा भएकाले पाँच सय कम भुक्तानी गरिएको ।
- सांसद विकास कोषबाट १९६ वटा आयोजना छनोट भएकोमा ६६ वटा मात्र सम्पन्न भएको
- सामाजिक परिचालनमा गैरसरकारी संस्थासँगको समन्वय र सञ्चालित कार्यक्रमको प्रभाव मूल्यांकन नभएको । ल्इक डेक्सलाई सक्रिय बनाउन नसक्दा प्रस्तावित कार्यक्रमको कार्यान्वयनमा प्रभावित भएको । साथै लैंगिक डेक्स पनि सक्रिय नभएको ।
- सामाजिक विकाससँग सम्बन्धित विवरणहरूको खण्डिकृत तथ्यांकको अभिलेखीकरण हुन नसकेको
- क्ष्त मा क्षमता विकासका कार्यक्रम सञ्चालन हुन नसक्दा भएको प्रविधिको समेत प्रयोग गर्न अप्ठ्यारो भएको ।
- जलवायु परिवर्तनलाई समयानुकुल बनाउन बनाइएको ल्क्तचष्अत ऋष्बितभ बलम भ्लभचनथ एबिल ९ल्ऋभ्ए० २१ औं परिषदबाट पास भएकोमा त्यसको कार्यान्वयन हुन नसकेको ।
- भूकम्पबाट प्रभावित लघु जलविद्युत आयोजनाको पुर्नसंचालनका लागि अभिलेखीकरणमा मात्र सीमित भएको
- गाविस सचिवको पटक पटकको सरूवा र त्यसको जानकारी जिविसलाई तत्कालन नहुने हुँदा गाविस संस्थागत हुन नसकेको
- आवश्यकता अनुसारको सचिव पदपुर्ति नहुनाले एक सचिव २ भन्दा बढी गाविसको जिम्मेवारीले समयमा कार्यसम्पादन हुने नसकेको
- कर्मचारीको कार्यसम्पादन, फाँटको अवस्था समन्वय र सञ्चारको अवस्था बुझ्न आन्तरिक अनुगमन नभएको । विगत पाँच छ महिनादेखि कर्मचारी बैठक नबसेको ।
- कुनै फाँटमा चार पाँच जना कर्मचारी हुने तर कुनैमा कार्यालय सहयोगीलाई पनि फाँटको जिम्मेवारी दिनुले योग्यता क्षमताको कदर नभएको ।
- खरिद प्रक्रियामा ढिलासुस्ती हुने । सम्बन्धित फाँटबाट सिफारिस भई टिप्पणी उठिसक्दा पनि कार्यान्वयन नभएको । (सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख छपाई)

- गाविसहरू संस्थागत नभएको र एउटा गाविसमा वर्षमा ३/४ वटा सचिव परिवर्तन हुने र लेखाको कर्मचारी नभएकाले पनि गाविसको लेखा व्यवस्थित र प्रक्रियागत गराउन नसकिएको
- जिल्ला विकास समितिमा आन्तरिक राजश्व शाखा प्रभावकारी नभएकाले आम्दानीका मूख्य स्रोत अझै पनि करको दायरा भन्दा बाहिर भई जिविसको आम्दानी बढ्न नसकेको । (गौरीशंकर संरक्षण क्षेत्रबाट निकाशी हुने पैदावर र अन्य ठूला आयोजनाहरू अझैपनि करको दायारा बाहिर)
- कर असुली तथा निर्धारणमा अनुगमन गर्न नसकिएकाले चुहावट पनि नियन्त्रण गर्न नसकिएको । व्यक्तिगत घटना दर्ताको बिलम्ब शुल्क वापतको रकम गाविसमार्फत कति संकलन भयो भन्ने एक्किन तथ्यांक नभएको ।
- मलेप तथा आलेपमा औल्याइएका बुँदाहरू समेत कार्यान्वयनमा चासो नदिइएको
- आर्थिक वर्षको शुरूवातमा नै योजना निर्माण भएपनि समीक्षा, गोष्ठी, अन्तरक्रिया, भेला निर्धारितम समयमा हुने तर योजना कार्यान्वयन असार महिनामा मात्र हुने प्रवृत्तिको अन्त्य गर्न नसकिएको
- रू. ४२,७५,५९,३५०.४० बजेट कोलेनिकाबाट निकाशा भएकोमा रू. ३७,९३,६६,९८४.४५ खर्च भएको । रू. ४८१९२३६५.४५ फिर्ता भई कोषमा रू. २१९०३६६.०० रहेको थियो ।
- विभिन्न कारणले गर्दा रू. ४,०७,७२,२६४.०० बेरूजु भएकाले आर्थिक निकाशामा समस्या ।
- टुक्रे योजना धेरै भएकाले प्राविधिक सुपरीवेक्षण कागजी प्रतिवेदनमा सीमित
- वार्षिक योजनाहरूको समीक्षा औपचारिकतामा मात्र सीमित हुनु । प्रस्तावित योजनाको शतप्रतिशत प्रगति जनिने तर त्यसको योजना/कार्यक्रमको प्रभाव, दिगोपन तथा थप प्रयासका बारेमा कुनै छलफल नुहनु
- स्थानीय निकायमार्फत सञ्चालन हुने योजनाका लागि गठन गरिने उपभोक्ता समितिहरू स्थायी प्रकृतिको नभएकाले उनीहरूको क्षमता विकासमा ठोस प्रयास गर्न नसकिएको
- जिल्ला विकास समितिमार्फत हुने तलब वितरणका लागि परिषदबाट निर्णय गराई तलबी प्रतिवेदन तयार हुनुपर्नेमा त्यसको कार्यान्वयन गर्न नसक्नु
- जिन्सी सामग्रीको संरक्षण, सदुपयोग, मर्मत र लिलाम जस्ता व्यवस्थापकीय पक्षमा भन्दा खरिद कार्यमा मात्र प्राथमिकता दिनु
- आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ४ को नियम ५२ (लिलाम गर्ने अधिकारी) को उपनियम १ र २ तथा परिच्छेद १० को नियम २१७ (बिक्री तथा हस्तान्तरण गर्ने) को उप नियम १ र २ को कार्यान्वयन नभएको । जिविस दोलखामा दुई दसकदेखि लिलाम नहुँदा काम नलाग्ने सामग्री तथा लिलाम योग्य सामग्रीको विवरण एक्किन नभएको
- जिविसको काम कारवाहीमा प्रयोग हुने इन्धनका लागि प्रयोग हुने लग बुक र खर्चको तालमेल गराउन नसक्नु
    - गाडी संख्या
    - मोटरसाइकल
    - अन्य
- आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ अनुसार आन्तरिक आयबाट निम्न कोषको व्यवस्था गर्न सकिने भएपनि आन्तरिक आय वृद्धि गर्ने ठोस र दिर्घकालिन योजना नभएकाले सोको प्रभावकारी व्यवस्था नभएको ।
    - प्रकोप व्यवस्थापन कोष
    - मानव संशाधन विकास विशेष कोष

- मर्मत सम्भार विशेष कोष
- स्थानीय विकास विशेष कोष
- वातावरणीय व्यवस्थापन विशेष कोष
- गरिबी निवरण कोष तथा सामाजिक परिचालन विशेष कोष
- महिला तथा बाल विकास विशेष कोष
- कर्मचारी कल्याण कोष

- जिविसको आन्तरिक आयबाट प्रशासनिक खर्च सहित कर्मचारी तलब खर्च हुने भएकाले पूर्वाधार विकासमा खासै योगदान नभएको ।
- जिविसमा कार्यरत सामाजिक परिचालकहरूको कार्य विवरण नहुँदा जिम्मेवारी तोक्न अप्ठ्यारो
- उर्जा व्यवस्थापनका लागि द्यबअपगउ क्थकतभ तथा बैकल्पिक उर्जाको व्यवस्थापन गर्न नसकिएको
- नागरिक बडा पत्र र हेल्प डेक्सको कार्यान्वयन हुन नसकेको
- कार्यालयको बाह्य वातवरणमा भग्नावशेष र झारपातले ढाकेकाले त्यसको उपयुक्त निकाश दिन नसक्नु र जिविसको बोर्ड समेत व्यवस्थित गर्न नसकेको
- भुकम्पपछि सबै कर्मचारी राहत वितरण तथा क्षति संक्कलनमा सहभागी भएकाले नियमित कार्य प्रभावित भएको
- स्थानीय निकाय आफैमा स्वायत्त तथा पर्याप्त कानुनको व्यवस्था भएपनि सो अनुसारको नीति तथा बजेट बिच तालमेल नभएकाले ठोस परिणाम दिन नसकेको

## ७. सुधारका लागि चाल्नुपर्ने कदमहरू तथा कदमहरू तथा सुझाव (बुँदागत रूपमा लेख्ने)

- दरबन्दी अनुसारका तथा आवश्यकता अनुसारका कर्मचारी संख्या एक्किन गरी स्पष्ट कार्य विवरण सहित उनीहको नियुक्ति, फाँट सरूवा तथा आवश्यक भएमा इगत क्यगचअष्लन गरी निर्धारित समयमा कार्य सम्पादन गर्नुपर्ने ।
- गाविस सचिवलाई न्यूनतम एक आर्थिक वर्ष एउटै गाविसमा बस्ने व्यवस्था सहित एक गाविस एक सचिवको व्यवस्था गर्न माथिल्लो निकाय तथा दलीय संयन्त्रमार्फत पहल गर्नुपर्ने
- सामाजिक परिचालनमा संलग्न ल्इक इच क्ष्ल्इक हरूसँगको समन्वय प्रभावकारी बनाई कार्यमा देखिने दोहोरोपना न्यूनिकरण गर्ने तथा ल्इ डेक्सलाई सक्रिय बनाउनुपर्ने
- क्ष्ल्इक हरूले जिल्लामा काम गर्दा अनिवार्य रूपमा स्थानीय ल्इक सँग समन्वय र सहकार्य गर्न जिल्ला परिषदले निर्णय गरी समाज कल्याण परिषदमा परिपत्र गर्नुपर्ने ।
- जिल्ला विकास समितिसँग सम्बन्धित सबै सूचनालाई अद्यावधिक गर्न र खण्डिकृत सूचनाका लागि विशेष जिम्मेवारी र समय तोकी अद्यावधिक गर्नुपर्ने ।
- माग र आवश्यकताका आधारमा क्षमतामा आधारित तालिम तथ वृत्ति विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- सामाजिक परिचालकको कार्य विवरण स्पष्ट गरी जिम्मेवारी तोकिनुपर्ने ।
- जलवायु परिवर्तनलाई समयानुकुल बनाउन बनाइएको म्कतचष्अत ऋषिबतभ बलम भ्लभचनथ एबिल ९म्ऋभ्ए० को कार्यान्वयन रणनीति तयार गर्नुपर्ने ।
- नियमित आन्तरिक संगठनात्मक अनुगमन, मूल्यांकन तथा पृष्ठपोषणमार्फत आन्तरिक द्वन्द्व तथा समन्वयमा देखिएको समस्या समधान गर्नुपर्ने । स्थानीय विकास अधिकारीको अनुपस्थितिमा काम गर्नका लागि लिखित रूपमा निमित्तको अख्तियारी दिनुपर्ने ।

- आन्तरिक आय वृद्धि गर्नका लागि सम्भाव्य विकल्पको खोजी तथा त्यसको कार्यान्वयन योजना निर्माण गरी लागू गर्नुपर्ने । चुहावट नियन्त्रणका लागि विशेष पहल गर्नुपर्ने । जिविसले समयमा नगदी रसिद छपाई गरी विश्वसनीय ढंगामा गाविसलाई वितरण तथा त्यसको परीक्षण गर्नुपर्ने
- मलेप तथा आलेपमा औल्याइएका बुँदाहरू तत्काल कार्यान्वयन गर्नुपर्ने
- उपभोक्ता समितिलाई संस्थागत गरी उनीहरूको क्षमता विकास गरी निर्धारित समयमा योजना सम्पन्न गरी फरफारक गर्ने उपभोक्ता समिति तथा संघसंस्थालाई पुरस्कृत गर्ने तथा थप बजेटको व्यवस्थाको थालनी गर्नुपर्ने
- तीन लाख भन्दा कमको योजनालाई छनोट गर्न नपाईने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्नुपर्ने ।
- हालसम्म सञ्चालित आयोजनाबाट ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको लेखाजोखा गरी सफल आयोजनाको निरन्तरता र अनावश्यक आयोजनालाई हटाउनेतर्फ कदम चाल्नुपर्ने
- वार्षिक योजनाहरूको समीक्षा औपचारिकतामा मात्र सीमित नगरी लक्षित वर्ग वा क्षेत्र र भएको परिवर्तन तथा गत वर्षको उपलब्धीसँग चालु आवको उपलब्धी तुलना गर्ने व्यवस्था गर्नुपर्ने । संख्यात्मक लक्ष्य र उपलब्धी होइन प्रस्तावित क्षेत्रगत उपलब्धीको प्रस्तुती गराउनुपर्ने ।
- आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ४ को नियम ५२ (लिलाम गर्ने अधिकारी) को उपनियम १ र २ तथा परिच्छेद १० को नियम २१७ (बिक्री तथा हस्तान्तरण गर्ने) को उप नियम १ र २ को कार्यान्वयन अनिवार्य गर्ने ।
    - आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ अनुसार आन्तरिक आयबाट निम्न कोषको व्यवस्था गर्न सकिने भएपनि आन्तरिक आय वृद्धि गरी तपशिलको कोष व्यवस्थापन गर्नुपर्ने
    - कोप व्यवस्थापन कोष
    - मानव संशाधन विकास विशेष कोष
    - मर्मत सम्भार विशेष कोष
    - स्थानीय विकास विशेष कोष
    - वातावरणीय व्यवस्थापन विशेष कोष
    - गरिबी निवरण कोष तथा सामाजिक परिचालन विशेष कोष
    - महिला तथा बाल विकास विशेष कोष
    - कर्मचारी कल्याण कोष
- जिविसको आन्तरिक आयबाट पूर्वाधार तथा सामाजिक विकासको लक्ष्य तोक्नुपर्ने ।
- बेरूजु फस्छ्यौट रणनीति तयार गरी लागू गर्नुपर्ने
- नागरिक बडा पत्र र हेल्प डेक्समार्फत सेवाग्राहीलाई सरल, छिटोछरितो र गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने
- कार्यालय सहायोगी पर्याप्त भएकाले कार्यालयको बाह्य वातावरणलाई विशेष आकर्षक बनाउनुपर्ने
- कार्य कक्ष तथा शाखाहरूको प्रभावकारी व्यवस्थापनका लागि निर्माणधिन संरचनालाई छिटो निर्माण गराउन आग्रह गर्नुपर्ने
- जिल्ला विकास समितिले आफूलाई भएको अधिकारको प्रयोग गरी नीति, कार्यत्रम तथा बजेटको तालमेल गर्नेतर्फ निर्देशत हुनुपर्ने
- सामाजिक परीक्षण समन्वय समिति गठन गरी सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्नुपर्ने

सामाजिक परीक्षकको नामः
दस्खत
संस्थाको नाम : असल शासन समन्वय समिति ९न्ऋऋ०
मितिः २०७२/०७/३०

अनुसूचि २
(बुँदा १०.३ सँग सम्बन्धित)
दोलख जिल्ला विकास समिति
सामाजिक परीक्षकको प्रतिवेदन
(बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालयः जिल्ला पशु सेवा कार्यालय

२. लक्ष्य
- क. पशु स्वास्थ्य सेवा
- ख. पशु प्रजनन् सेवा (प्रा. ग र कृ. ग)
- ग. पशु आहार सेवा
- घ. तालिम/गोष्ठी/बैठक

३. मुख्य उद्देश्य बुँदागत रूपमा लेख्ने
- क. पशु स्वास्थ्यमा सुधार ल्याउने
- ख. उन्नत पशुपंक्षी उत्पादन गर्ने
- ग. कम लागतमा पशुजन्य उत्पादन गर्ने
- घ. जनचेतना अभिवृद्धि गर्ने

४. गत आर्थिक वर्षमा सञ्चालित विकास याजना तथा कार्यक्रमको विवरण

| सञ्चालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| पशु स्वास्थ्य | आवश्यकता अनुसार | पशु स्वास्थ्यमा सुधार | |
| पशु प्रजनन् | कृषकको माग अनुसार | कृ. ग/प्रा. ग/बोका, थुमा वितरण | |
| पशु आहार | कृषकको माग अनुसार | आहारमा सुधार | |
| तालिम गोष्ठी | आवश्यकता अनुसार | चेतनामा अभिवृद्धि | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू (बुँदागत रूपमा प्रस्तुत गर्ने)
- क. सरोकारवालासँग छलफल
- ख. प्रस्तावित कार्यक्रम तयार
- ग. कार्यक्रम स्वीकृत
- घ. आवश्यकता अनुसार र मागका आधारमा कार्यान्वयन

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| जि प से का/सेवा केन्द्र/उपकेन्द्र | दरबन्दी अनुसारको कर्मचारी ४५ जना |
| | परिचालन तथा लक्ष्य अनुसार काम सम्पन्न |
| कृषक समूह समिति/सहकारी | उल्लेखित व्यक्ति तथा संस्थाहरू बढी जिम्मेवार रही<br>कार्यक्रम सञ्चालनमा सहयोग गर्नुपर्ने |

७. आयोजजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने)

क. हिमाली जिल्ला भएको

ख. यातायातको सबै ठाउँमा पहुँच नपुग्नु

ग. कार्यालय सञ्चालनमा आफ्नो भवन नहुँदा समस्या

८. भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुँदागत रूपमा लेख्ने)

क. प्रत्येक संस्थाले प्रस्तावित कार्यक्रम संख्या र सञ्चालित गतिविधिको उपलब्धी सहित तुलनात्मक प्रगति विवरण सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्ने

ख. दरबन्दी अनुसार कर्मचारीको व्यवस्था गरी परिचालन गर्नुपर्ने

ग. यातायात सेवा नपुगेका गाविस तथा सेवा केन्द्रमा नियमित सेवा सञ्चालनका लागि

घ. गतिविधि अनुसारका बजेटको व्यवस्था हुनुपर्ने

सामाजिक परीक्षकको नाम

दस्तखत

संस्थाको नाम : असल शासन समन्वय समिति

९न्ऋ्ऋ०

मितिः २०७२/०७/३०

## सामाजिक परीक्षणको अन्ति प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

श्री स्थानीय विकास अधिकारी ज्यू,
जिल्ला विकास समितिको कार्यालय दोलखा

१. पृष्ठभूमि :

बिकेन्द्रीकरणको माध्यामबाट जनतालाई स्वायत्त शासन र विकास कार्यमा आधिकारिक सरिक गराई स्थानीय तहदेखि नै बहुदलीय प्रजातन्त्रको संस्थागत विकास गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भएको हो । तत्कालीन श्री ५को सरकारले स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कायम भएको प्रत्येक जिल्लालाई जिल्ला विकास क्षेत्र तोक्न सक्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ को नियम १७० मा गरेको छ सोही अनुरूप स्थानीय निकायको रूपमा जिल्ला विकास समिति रहेको छ । यसले जिल्लाको विकासको लागि स्थानीय सरकारको रूपमा भूमिका निर्वाह गर्न सक्ने जिम्मेवारी दिइएको छ । जसले सरकारी कार्यालय, गैरसरकारी निकाय एवम् निजी क्षेत्रसमेतसँग समन्वय र सहकार्यमा जिल्लाको विकास प्रकृयालाई अगाडि बढाउने र संस्थागत र दिगो बनाउने गर्दछ । दोलखा जिल्लालाई राजनीतिक आधारमा दुई निर्वाचन क्षेत्र, ११ इलाका, दुई नगरपालिका (भीमेश्वर र जिरी) र ४८ गाविसमा विभाजन गरिएको छ । गाविस , नगरपालिका र जिल्ला विकास समिति गरी तीन तहका स्थानीय निकायको व्यवस्था गरिएको छ । त्यसमध्ये जिल्लाको समग्र विकासको जिम्मेवारीको बोध गर्दै जिविसबाट दोलखाको विकासमा समग्र प्रयासहरू भएका छन् । बुँदागत रूपमा जिल्ला विकास समिति दोलखालाई निम्नानुसार चिनाउन सकिन्छ ।

- पूर्वाधारका आधारमा ग वर्गको जिल्ला विकास समिति
- ४८ गाविस, दुई नगरपालिका र ११ इलाका सहितको २१९१ वर्ग किमि क्षेत्रफल
- ७१३४ मिटर उचाई (गौरीशंकर हिमाल), ७६२ मि होचो (सितली)
- २८०८८४ जनसंख्या जसमध्ये १४०६९८ महिला र १४०१८६ पुरूष (घरधुरी सर्वेक्षण २०७१)
- जम्मा घरधुरी संख्या ५७,९६६ (घरधुरी सर्वेक्षण २०७१)

२. सामाजिक परीक्षणको उद्देश्य:

"सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्यलाई बुझिन्छ । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को परिधिभित्र रही सामाजिक परीक्षण सम्पन्न गरिएको

कुनै पनि निकायको नीति, संगठनात्मक संरचना, मानव श्रोत जस्ता पक्षहरूमा लैङ्गिक मैत्री छ छैन, सामाजिक क्षेत्रमा स्थानीय निकायले बहन गर्नु पर्ने सामाजिक दायित्व बहन गरिएको छ छैन, सो क्षेत्रमा कुनै समस्या देखिएका छन् छैनन्, समाधानका उपायहरू के कस्ता रहन सक्छन् जस्ता विषयमा समस्या पहिचान गरी सुधारका लागि मार्ग प्रशस्त गर्ने प्रयोजनको लागि जिल्ला विकास समितिले सामाजिक परीक्षण गराउन लागेको हुँदा उक्त कार्य गरी यो प्रतिवेदन तयारी गरिएको छ । जिल्ला विकास समितिबाट सम्पादित कार्यहरूबाट सामाजिक क्षेत्रमा स्थानीय निकायले बहन गर्नु पर्ने दायित्व पुरा गर्नमा के कति योगदान पु¥याएको छ भन्ने सम्बन्धमा अध्ययन गर्ने र नीतिगत प्रतिबद्धता पालना भयो भएन ? साधन स्रोतको व्यवस्थापन भयो भएन ? भन्ने कुराको लेखाजोखा गर्ने प्रमुख उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- स्थानीय निकायले ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारीका बारेमा बुझ्ने
- सञ्चालित कार्यक्रमले ल्याएको सामाजिक उपलब्धी तथा प्रभाव बुझ्ने
- स्थानीय निकायकोको आन्तरिक व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीका बारेमा समीक्षा गर्ने
- प्रस्तावित योजनाहरूको कार्यान्वयनको अवस्था बुझ्ने
- सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमताका बारेमा बुझ्ने
- जवाफदेहिता तथा परदर्शितामार्फत स्थानीय निकायले गरेका प्रयासका बारेमा अध्ययन गरी आगामी योजना निर्माणम सहयोग गर्ने

## ३. अध्ययन विधिः

जिल्ला विकास समितिबाट सम्पादित कार्यहरूको सामाजिक परीक्षण गर्नको लागि हामीलाई दिएको जिम्मेवारी अनुसार जिल्ला विकास समितिसँग भएको सम्झौता बमोजिम देहायका क्रियाकलाप मार्फत सामाजिक परीणको कार्य सम्पन्न गरिएको हो । सर्व प्रथम स्थानीय निकायसँग सम्बन्धित देहायका सन्दर्भ सामाग्रीहरूको अध्ययन विश्लेषण गरियो ।

### क) सम्बन्धित साहित्यको समीक्षा अध्ययन

- स्थानीय स्वायत्त शासन ऐन २०५५,
- स्थानीय स्वायत्त शासन नियमावली २०५६,
- स्थानीय निकायको आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४,
- गाविस अनुदान सञ्चालन कार्यविधि २०६७,
- लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ लगायत स्थानीय निकायसँग सम्बन्धित ऐन नियमको अध्ययन,
- दोलखा जिल्लाको आवधिक जिल्ला विकास योजना
- सम्बन्धित आर्थिक वर्षका वार्षिक जिल्ला विकास योजनाहरू विषयगत कायर्यालयका वार्षिक प्रतिवेदनहरू समीक्षा प्रतिवेदनहरू

- जिल्ला विकास सीमितिबाट प्रकाशित दोलखा विकास बुलेटिनहरू लगायत सन्दर्भ सामाग्रीको अध्ययन
- दोलखा जिल्लाको वस्तुगत विवरण २०७२
- स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकायको आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४, गाविस अनुदान सञ्चालन कार्यविधि २०६७, लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ लगायत स्थानीय निकायसँग सम्बन्धित ऐन नियमको अध्ययन गर्नुका साथै अध्ययन अवधिमा सञ्चालित कायंक्रकमहरूको बारेमा समेत जानकारी लिइएको थियो ।

ख) तथ्यांक संकलन

यस सामाजिक परिक्षणको लागि आवश्यक सूचनाहरू उल्लेखित सामाग्री र फिल्ड, विषयगत कार्यालय, गैरसरकारी संघ संस्थाहरूबाट संकलन गरियो । जिल्ला विकास तथा मातहत निकायबाट आर्थिक वर्ष २०७१ /०७२ मा सामाजिक क्षेत्रमा भए गरेका कार्यहरूको अध्ययन गरियो ।

ग) अर्न्तवार्ता

प्रतिवेदन तयार गर्नका लागि जिल्ला विकास समितिको कार्यालयसँग सम्बन्धित जनशक्ति, विषयगत कार्यालयका प्रमुख, उपभोक्ता समितिका प्रतिनिधिरूसँग सामान्य छलफल तथा अर्न्तवार्ता लिइएको थियो ।

घ) समूह छलफल

जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी, आन्तरिक लेखा परीक्षण अधिकृत, सूचना अधिकृत, सामाजिक विकास अधिकृत, योजना शाखाका अधिकृत, निमित्त लेखा अधिकृत, सम्बन्धित शाखाका प्रमुखसहतिका कर्मचारी लगायतबाट स्पष्ट हुन नसकेका विषयमा थप जानकारी लिइयो ।

च) स्थलगत निरीक्षण

जिल्ला विकास समिति तथा विषयगत कार्यालयले बोच तथा लाँकुरीडाँडामा सञ्चालित कार्यत्रम, मुडे मेलुङ सडक, शितलीडाँडाखर्क ग्रामीण सडकको स्थलगत अनुगमन गरिएको ।

छ) संकलित तथ्यांकहको विश्लेषण

ज) प्रारम्भिक प्रतिवेदन तयारी

झ) बृहत छलफल कार्यक्रम

सरोकारवाला निकायसँग २०७२ सा कार्तिक ३० गते अर्न्तक्रिया कार्यक्रमको आयोजना गरी आवश्यक सुझाव संकलन गरिएको ।

ञ ) जनशक्ति परिचालन

संस्थाले पाएको जिम्मेवारी अनुसार सामाजिक परीक्षणका लागि आवश्यक तथ्यांक संकलन, स्थलगत अनुगमन तथा सम्बन्धित निकायसँगको अन्तरक्रियाका लागि तपशिलको जनशक्ति उपयोग भएको ।

- दिपक बस्नेत
- रमेशचन्द्र बस्नेत
- दिल बहादुर केसी
- नविन खतिवडा
- फुर्बा तामाङ

ट) अन्तिम प्रतिवेदन तयारी

जिल्ला विकास समितिको कार्यालयमा २०७२ कार्तिक ३० गते भएको सरोकारवालाको अन्तरक्रिया तथा र अध्ययन पछि अन्तिम प्रतिवेदन तयारी गरिएको छ ।

## ४. अध्ययनको सीमा

देशको असहज परिस्थिति ६० दिनभन्दा बढी तराई आन्दोलन तथा भारतीय नाकाबन्दीका कारण देखिएको असहज परिस्थितिका कारण जिविस तथा अन्य विषयगत कार्यालयले सञ्चालन गरेका ठूला स्तरका आयोजनाको अनुगमन मूल्यांकन गर्न सकिएन । सामाजिक सेवा प्रवाह गर्ने निकायका प्रमुखहरूसँगको प्रत्यक्ष भेटघाट गर्न सकिएन भने तथ्यांकको सही अभिलेखीकरण तथा अद्यावधिकरण नभएकाले सामाजिक परीक्षणमा दिनुपर्ने नतिजा आउन सकेन । समयको अभाव र पर्याप्त बजेट नभएकाले उपभोक्तासँगको अन्तरक्रिया गर्न सकिएन ।

## ५. बृहत छलफल कार्यक्रमको विवरण

क) मितिः २७२/०७/३० ख) स्थानः जिविसको समीक्षा हल ग) समयः बिहान ११:०० बजे

## ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैरसरकारी संस्थाको विवरण सञ्चालन राख्ने अनुसूचि २ र ३)

## ७. सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरू (बुँदागत रूपममा लेख्ने)

१ ७२३ वटा योजना प्रस्ताव गरिएकोमा ६४० वटा सम्पन्न

२ लक्षित वर्गको कार्यक्रम तथा निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन लक्षित समितिका उपाध्यक्षहरूको नियुक्ति

३ बिनाशकारी भुकम्पमा सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयात्मक भूमिका राम्रो भएको

४ दोलखा जिल्लाको वस्तुगत विवरण २०७२ प्रकाशन

५ रू. ४२,७५,५९,३५०.४० बजेट कोलेनिकाबाट निकाशा भएकोमा रू. ३७,९३,६६,९८४.४५ खर्च भएको । रू. ४८१९२३६५.४५ फिर्ता भई कोषमा रू. २१९०३६६.०० रहेको थियो ।

६ वार्षिक कार्य योजना निर्धारित समयमा निर्माण भएको

७ पूर्वाधार विकास अन्तरगत ग्रामीण सडकमा भएको लगानीले बजारमा पहुँच विस्तार भएको

८ सूचना प्रविधिको प्रयोगलाई सार्थक बनाउन जिविसको वेभसाइट ९ममअमयबिपजब।नयखालउ० दोलखा पार्श्व चित्र तथा दोलखा विकास बुलेटिनले जिविस गतिविधिलाई पारदर्शी बनाउनका लागि सहयोग गरेको ।

९ घर विदा बस्दा माथिल्लो तहबाट विदा स्वीकृत गराएर बस्ने गरेको पाइयो

१० जिविसका लागि आवश्यक सामाग्री खरिद गर्दा माग फारम भरी विभागी स्वीकृत गराउने गरेको पाइयो

११ सामाजिक कार्यक्रमका लागि निर्धारित आयोजना सञ्चालनका लागि सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने गरेको पाइयो

१२ करजन्य वस्तुको निकाशीका लागि वातावरणीय परीक्षणको थालनी भएको

१३ सञ्चालित आयोजनाको कागजी प्रतिवेदनका लागि भएपनि सार्वजनिक सुनुवाइ गर्ने गरेको पाइयो

१४ बिनाशकारी भुकम्पले कार्यालयमा समेत क्षति हुँदा पनि उपलब्ध स्थानको उपयोग गरी सेवा प्रवा गरेको पाइयो ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौति तथा कमिकमजोरीहरू -बुँदागत रूपमा लेख्ने)

१ दरबन्दी अनुसारका तथा आवश्यकता अनुसारका कर्मचारी संख्या एक्किन गरी स्पष्ट कार्य विवरण सहित उनीहको नियुक्ति, फाँट सरूवा तथा आवश्यक भएमा इगत क्यगचअष्लन गरी निर्धारित समयमा कार्य सम्पादन गर्नुपर्ने ।

२ गाविस सचिवलाई न्यूनतम एक आर्थिक वर्ष एउटै गाविसमा बस्ने व्यवस्था सहित एक गाविस एक सचिवको व्यवस्था गर्न माथिल्लो निकाय तथा दलीय संयन्त्रमार्फत पहल गर्नुपर्ने

३ सामाजिक परिचालनमा संलग्न ल्इक इच क्ष्ल्इक हरूसँगको समन्वय प्रभावकारी बनाई कार्यमा देखिने दोहोरोपना न्यूनिकरण गर्ने तथा ल्इ डेक्सलाई सक्रिय बनाउनुपर्ने

४ क्ष्ल्इक हरूले जिल्लामा काम गर्दा अनिवार्य रूपमा स्थानीय ल्इक सँग समन्वय र सहकार्य गर्न जिल्ला परिषदले निर्णय गरी समाज कल्याण परिषदमा परिपत्र गर्नुपर्ने ।

५ जिल्ला विकास समितिसँग सम्बन्धित सबै सूचनालाई अद्यावधिक गर्न र खण्डिकृत सूचनाका लागि विशेष जिम्मेवारी र समय तोकी अद्यावधिक गर्नुपर्ने ।

६. माग र आवश्यकताका आधारमा क्षमतामा आधारित तालिम तथ वृत्ति विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

८ जलवायु परिवर्तनलाई समयानुकुल बनाउन बनाइएको स्थानीय ऋष्बितभ बलम भ्लभचनथ एबिल ९ऋभ्ए० को कार्यान्वयन रणनीति तयार गर्नुपर्ने ।

९ सामाजिक परिचालकको कार्य विवरण स्पष्ट गरी जिम्मेवारी तोकिनुपर्ने ।

१० नियमित आन्तरिक संगठनात्मक अनुगमन, मूल्यांकन तथा पृष्ठपोषणमार्फत आन्तरिक द्वन्द्व तथा समन्वयमा देखिएको समस्या समधान गर्नुपर्ने । स्थानीय विकास अधिकारीको अनुपस्थितिमा काम गर्नका लागि लिखित रूपमा निमित्तको अख्तियारी दिनुपर्ने ।

११ आन्तरिक आय वृद्धि गर्नका लागि सम्भाव्य विकल्पको खोजी तथा त्यसको कार्यान्वयन योजना निर्माण गरी लागू गर्नुपर्ने । चुहावट नियन्त्रणका लागि विशेष पहल गर्नुपर्ने । जिविसले समयमा नगदी रसिद छपाई गरी विश्वसनीय ढंगामा गाविसलाई वितरण तथा त्यसको परीक्षण गर्नुपर्ने

१२ मलेप तथा आलेपमा औल्याइएका बुँदाहरू तत्काल कार्यान्वयन गर्नुपर्ने

१३ उपभोक्ता समितिलाई संस्थागत गरी उनीहरूको क्षमता विकास गरी निर्धारित समयमा योजना सम्पन्न गरी फरफारक गर्ने उपभोक्ता समिति तथा संघसंस्थालाई पुरस्कृत गर्ने तथा थप बजेटको व्यवस्थाको थालनी गर्नुपर्ने

१४ तीन लाख भन्दा कमको योजनालाई छनोट गर्न नपाईने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्नुपर्ने ।

१५ हालसम्म सञ्चालित आयोजनाबाट ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको लेखाजोखा गरी सफल आयोजनाको निरन्तरता र अनावश्यक आयोजनालाई हटाउनेतर्फ कदम चाल्नुपर्ने

१६ वार्षिक योजनाहरूको समीक्षा औपचारिकतामा मात्र सीमित नगरी लक्षित वर्ग वा क्षेत्र र भएको परिवर्तन तथा गत वर्षको उपलब्धीसँग चालु आवको उपलब्धी तुलना गर्ने व्यवस्था गर्नुपर्ने । संख्यात्मक लक्ष्य र उपलब्धी होइन प्रस्तावित क्षेत्रगत उपलब्धीको प्रस्तुती गराउनुपर्ने ।

१७ आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ४ को नियम ५२ (लिलाम गर्ने अधिकारी) को उपनियम १ र २ तथा परिच्छेद १० को नियम २१७ (बिक्री तथा हस्तान्तरण गर्ने) को उप नियम १ र २ को कार्यान्वयन अनिवार्य गर्ने ।

- आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ अनुसार आन्तरिक आयबाट निम्न कोषको व्यवस्था गर्न सकिने भएपनि आन्तरिक आय वृद्धि गरी तपशिलको कोष व्यवस्थापन गर्नुपर्ने
- कोप व्यवस्थापन कोष
- मानव संशाधन विकास विशेष कोष
- मर्मत सम्भार विशेष कोष
- स्थानीय विकास विशेष कोष
- वातावरणीय व्यवस्थापन विशेष कोष
- गरिबी निवरण कोष तथा सामाजिक परिचालन विशेष कोष
- महिला तथा बाल विकास विशेष कोष
- कर्मचारी कल्याण कोष

१८ जिविसको आन्तरिक आयबाट पूर्वाधार तथा सामाजिक विकासको लक्ष्य तोक्नुपर्ने ।

१९ बेरूजु फस्छ्यौट रणनीति तयार गरी लागू गर्नुपर्ने

२० नागरिक बडा पत्र र हेल्प डेक्समार्फत सेवाग्राहीलाई सरल, छिटोछरितो र गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने

२१ कार्यालय सहायोगी पर्याप्त भएकाले कार्यालयको बाह्य वातावरणलाई विशेष आकर्षक बनाउनुपर्ने ।

२२ कार्य कक्ष तथा शाखाहरूको प्रभावकारी व्यवस्थापनका लागि निर्माणधिन संरचनालाई छिटो निर्माण गराउन आग्रह गर्नुपर्ने

२३ जिल्ला विकास समितिले आफूलाई भएको अधिकारको प्रयोग गरी नीति, कार्यक्रम तथा बजेटको तालमेल गर्नेतर्फ निर्देशत हुनुपर्ने

२४ सांसद विकास कोषमार्फत सञ्चालित आयोजना तथा कार्यक्रमको सामयिक अनुगमन गरी त्यसको पृष्ठपोषणको व्यवस्था गरी कमजोर कार्यान्वयन भएका आयोजना तथा उपभोक्ता समितिलाई सचेत गराउने व्यवस्था गर्नुपर्ने

२५ पुर्ननिर्माण हुने भवनहरूलाई अपांगमैत्री तथा खानेपानी र शौचालयको उचित व्यवस्थापन गर्नुपर्ने

२६ सामाजिक परीक्षण समन्वय समिति गठन गरी सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्नुपर्ने

## ९. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नपर्ने कदमहरू वा सुझावहरू

१ स्थानीय निकायमा जनप्रतिनिधिको उपस्थिति नहुँदा देखिएको अन्योलता हटाउनका लागि स्वंय कर्मचारीलाई जिम्मेवार बनाई पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने

२ स्थानीय निकायको आम्दानीको मूख्य स्रोत राजश्व संकलन भएकाले राजश्व शाखाको व्यवस्था गरी त्यसको स्पष्ट जिम्मेवार अधिकृत कर्मचारीको व्यवस्था गर्नुपर्ने

३ गाविसहरूमा मालपोत कर समेत प्रभावकारी ढंगमा असुली नभएकाले त्यसतर्फ विशेष ध्यान पुऱ्याउनुपर्ने

४ विषयगत कार्यालयसँगको समन्वयमा सामाजिक जिम्मेवारीका गतिविधिमा ठोस कार्य सञ्चालन तथा तथ्यांकलाई खण्डिकृत गरी अद्यावधिक गर्नुपर्ने

५ आयोजनालाई भागबण्डा र कनिके बनाउनुभन्दा आवश्यकता र मागको सुक्ष्म विश्लेषण गरी दिर्घकालिन आयोजनाको छनोट गर्नुपर्ने

६ लक्षित वर्गका लागि सञ्चालित कार्यक्रमले ल्याएका परिवर्तनलाई संख्यात्मक रूपमा प्रस्तुत गरी सुधारात्मक उपायको खोजी गर्नुपर्ने

७ सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखा परीक्षणको नतिजामुखी आयोजनाको व्यवस्था गर्नुपर्ने

८ कार्यालय वातावरण ग्रामीण, निरक्षर तथा कमजोर वर्गको सहज पहुँच हुने गरी व्यवस्था गर्नुपर्ने

९ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको समन्वयमा सामाजिक परिचालनका गतिविधि सञ्चालन गर्ने वातावरण स्थानीय निकायले बनाउनुपर्ने

१० स्थानीय निकाय अन्तरगत गाविसलाई संस्थागत गरी सचिवहरूको बार बार हेरफेरलाई नियन्त्रण गर्नुपर्ने

११ सन्देशमुलक तथा सूचनामुलक सूचना पार्टी, होर्डिङ बोर्ड, भित्ते लेखन, रेडियो कार्यक्रम जस्ता सचेतनामुलक गतिविधि सञ्चालन गर्नुपर्ने

१२ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने

१३ सामाजिक क्षेत्रमा भएका सफल गतिविधिलाई सार्वजनिक गर्ने व्यवस्था तथा अभिलेखीकरण गर्ने व्यवस्था गर्नुपर्ने ।

सामाजिक परीक्षकको नाम :
दिपक बस्नेत
रमेशचन्द्र बस्नेत
संस्थाको नाम - : असल शासन समन्वय समिति ९न्ऋऋ० चरिकोट
मितिः २०७२/०७/३०

**आ व २०७१/०७२ मा सञ्चालित सामाजिक विकास गतिविधिको सामाजिक परीक्षण**
**अन्तिम प्रतिवेदन–२०७२**

लाई
जिल्ला विकास समितिको कार्यालय
चरिकोट, दोलखा

बाट
असल शासन समन्वय समिति
चरिकोट, दोलखा
ननउमयबिपजब२न्कबषअिफ

# सामाजिक परीक्षणका सन्दर्भ भएका गतिविधि झल्कने फोटो




बृहत्तर छलफलमा सरोकारवालाहरूसँग अन्तरक्रिया गर्दै ।






उर्जा शाखाको कार्यक्रमका बारेमा जानकारी गराउँदै



शितली मेलुङ डाँडाखर्क सडक खण्डको अवस्था । यो सडकमा वर्षायाममा यातायात




प्रशासन शाखाका बारेमा जानकारी गराउँदै